**कर्मचारी सञ्चय कोष**

## सञ्चयकर्ताको मुनाफा रकमलाई बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने सम्बन्धी बिनियम, २०७४

कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा १५ बमोजिमको मुनाफा रकमलाई बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्न वाञ्छनीय भएकोले कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ३०क ले दिएको अधिकार प्रयोग गरी कर्मचारी सञ्चय कोषले देहायको बिनियम बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस बिनियमको नाम "सञ्चयकर्ताको मुनाफा रकमलाई बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने सम्बन्धी बिनियम, २०७४" रहेको छ ।

(२) यो बिनियम कर्मचारी सञ्चय कोषको सञ्चालक समितिबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "ऐन" भन्नाले कर्मचारी सञ्चय कोष ऐन, २०१९ (संशोधन सहित) लाई सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले ऐनबमोजिम स्थापना भएको कर्मचारी सञ्चय कोष सम्झनु पर्छ ।

(ग) "सञ्चालक समिति" भन्नाले ऐनको दफा ४ बमोजिम गठन भएको कोषको संचालक समिति सम्झनु पर्छ ।

(घ) "प्रशासक" भन्नाले ऐनको दफा ६क बमोजिम नियुक्त प्रशासक सम्झनु पर्छ ।

(ङ) "बिनियम" भन्नाले "सञ्चयकर्ताको मुनाफा रकमलाई बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने सम्बन्धी बिनियम, २०७४" सम्झनु पर्छ ।

(च) "सञ्चयकर्ता" भन्नाले ऐनबमोजिम कोषमा सञ्चय कोष रकम जम्मा गर्ने व्यक्ति सम्झनु पर्छ ।

(छ) "कम्पनी" भन्नाले बेतन कर्णाली सञ्चयकर्ता हाइड्रोपावर कम्पनी लिमिटेड सम्झनु पर्छ ।

३. **मुनाफा रकम बाँडफाँडको प्रकृया :**

(१) आर्थिक वर्ष २०७२/०७३ देखि लागू हुने गरी कोषको प्रत्येक आर्थिक बर्षको लेखापरीक्षण सम्पन्न भई सकेपछि सञ्चालक समितिले बार्षिक हिसावमा मुनाफा रहेको रकमबाट बिभिन्न जगेडा कोषहरुमा रकम छुट्टयाई बाँकी रहेको मुनाफा रकमलाई सञ्चयकर्ताको सो आर्थिक वर्षको शुरुसम्मको कोष कट्टी मौज्दातको

आधारमा मुनाफा बाँडफाँड गरी सञ्चयकर्ताको छुट्टै व्यक्तिगत खातामा जम्मा गरिने छ ।

(२) उपनियम (१) बमोजिम सञ्चयकर्ताको छुट्टै व्यक्तिगत खातामा जम्मा रहेको मुनाफा रकम नियम ५ बमोजिमको शेयर लगानी कोषमा रकमान्तर गरिने छ ।

(३) उपनियम (२) बमोजिम शेयर लगानी कोषमा रकमान्तर गरिएको मुनाफामा प्रत्येक आर्थिक बर्षको अन्तमा सञ्चय कोष कट्टी रकममा दिए सरहको ब्याज दिइने छ ।

४. <u>सञ्चयकर्तालाई सार्बजनिक सूचना गर्ने :</u>

(१) नियम ३ बमोजिम मुनाफा रकम सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा भइसकेपछि कोषले प्रत्येक आर्थिक बर्षको प्रारम्भमा सार्बजनिक सूचनाद्वारा सञ्चयकर्तालाई सुसूचित गरी मुनाफा रकमलाई शेयरमा लगानी गर्न इच्छा भए नभएको जानकारी लिने छ ।

(२) नियम १५ र उपनियम (१) को प्रयोजनका लागि सार्बजनिक सूचना प्रकाशित गर्दा तीस दिनको समयावधि दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तीमा तीन पटक प्रकाशित गरिने छ ।

(३) आफ्नो व्यक्तिगत खातामा जम्मा भएको मुनाफा रकम र शेयर सापटी रकम कम्पनीको शेयरमा लगानी गर्न नचाहने सञ्चयकर्ताले कोषले सूचनामा तोकिएको अवधिभित्र तोकिएको प्रक्रियाद्वारा कोषलाई जानकारी गराउनु पर्ने छ ।

(४) उपनियम (३) बमोजिम सञ्चयकर्ताबाट जानकारी प्राप्त नभएमा सो मुनाफा रकम वा शेयर सापटी रकमलाई शेयरमा लगानी गर्ने प्रयोजनका लागि स्थापना भएको नियम ५ बमोजिमको कोषमा स्वतः जम्मा गरिने छ ।

५. <u>शेयर लगानी कोषको स्थापना :</u>

(१) शेयर लगानी कोष नामको एक कोषको स्थापना गरिने छ । सो कोषमा देहायका रकमहरु रहने छन् :

(क) प्रत्येक बर्षको मुनाफा रकमबाट सञ्चालक समितिले मुनाफा बाँडफाँड गर्ने क्रममा सञ्चयकर्तालाई मुनाफा बितरण गरी व्यक्तिगत खातामा जम्मा गर्न छुट्याएको रकम,

(ख) सञ्चयकर्तालाई मुनाफामा प्राप्त हुने ब्याजको रकम,

(ग) कम्पनीमा सञ्चयकर्ताको तर्फबाट लगानी गरिने रकम नपुग भएको खण्डमा नपुग रकमको निमित्त सम्बन्धित सञ्चयकर्ताको नाममा शेयर सापटी लेखांकन गरी रकमान्तर गरिएको रकमहरु ।

(२) नियम ३ बमोजिम सञ्चयकर्ताको व्यक्तिगत खातामा जम्मा भएको वा नियम ५ बमोजिम शेयर लगानी कोषमा रकमान्तर गरिसकेको रकम कम्पनीको शेयरमा लगानी भइसकेको रहेछ भने त्यस्तो रकम कट्टा गरी बाँकी रकममा मात्र ब्याज दिइने छ ।

६. **शेयर लगानी कोषको उपयोग :**

(१) नियम १० बमोजिम भुक्तानी माग गरेमा बाहेक शेयर लगानी कोषमा जम्मा भएको रकमलाई कम्पनीको शेयरमा लगानी गरिने छ ।

(२) उपनियम (१) बमोजिम शेयरमा लगानी गरिसकेपछि कोषले सम्बन्धित सञ्चयकर्तालाई सोको निस्सा दिने छ । सो निस्साको आधारमा कम्पनीले सम्बन्धित सञ्चयकर्तालाई शेयर प्रमाणपत्र उपलब्ध गराउने छ ।

(३) यस बिनियम बमोजिम मुनाफा रकमलाई शेयरमा लगानी गर्ने सम्बन्धी सम्पूर्ण कार्य नियम ७ बमोजिमको समितिलाई हुने छ ।

७. **शेयर लगानी कोष व्यवस्थापन समिति :**

(१) नियम ५ बमोजिम जम्मा भएको मुनाफा रकम र नियम १५ बमोजिम शेयर सापटी रकमको व्यवस्थापन गरी शेयरमा लगानी गर्न एक शेयर लगानी कोष व्यवस्थापन समिति रहने छ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहायका पदाधिकारीहरु रहने छन :

(क) प्रशासक - सदस्य

(ख) नियम १३ बमोजिम मनोनित कम्पनीको सञ्चालकहरु (तीन जना) - सदस्य

(ग) मुख्य अधिकृत (कार्य सञ्चालन) - सदस्य

(घ) मुख्य अधिकृत (संस्थागत व्यवस्थापन) - सदस्य

(ङ) बिभागीय प्रमुख, लगानी तथा ट्रेजरी व्यवस्थापन बिभाग- सदस्य सचिब

(३) शेयर लगानी कोष व्यवस्थापन समितिका सदस्यहरुमध्ये बरिष्ठतम सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(४) शेयर लगानी कोष व्यवस्थापन समितिको सचिवालयको काम कोषको लगानी तथा ट्रेजरी व्यवस्थापन बिभागले गर्ने छ ।

८. **शेयर लगानी कोष व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार :** शेयर लगानी कोष व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार देहायबमोजिम हुने छ :

(क) कम्पनीले शेयर वापतको रकम माग गरेमा शेयर लगानी कोषमा जम्मा भएको सञ्चयकर्ताको मुनाफा रकम भुक्तानी गर्ने ।

(ख) दफा १५ बमोजिमको कार्य गर्ने ।

(ग) कम्पनीको कार्य प्रगतिको नियमित अनुगमन तथा निरीक्षण गर्ने ।

(घ) सञ्चयकर्तालाई शेयर लगानीको निस्सा दिने ।

(ङ) कम्पनीको बित्तीय व्यवस्थापनमा प्रभावकारी भूमिका खेल्ने ।

(च) नियम १६ (२) बमोजिम प्रतिबेदन पेश गर्ने ।

(छ) कम्पनी तथा कोष बीच समन्वय गर्ने र परियोजना समयमा नै सम्पन्न गर्न गर्नुपर्ने कार्यका सम्बन्धमा कम्पनी तथा कोषको व्यवस्थापन एवं सञ्चालक समितिलाई सुझाव दिने ।

(ज) सञ्चालक समितिले तोकेको अन्य काम गर्ने ।

(झ) यस कार्यबिधिको कार्यान्वयन गर्दा गर्नुपर्ने सबै काम गर्ने ।

९. **मुनाफा रकम अन्य काममा उपयोग गर्न नसकिने :** नियम ५ बमोजिमको कोषको रकम नियम ६ मा लेखिएदेखि बाहेक अन्य काममा प्रयोग गर्न सकिने छैन ।

१०. **मुनाफा रकम भुक्तानी लिन सकिने :** सञ्चयकर्ता सेवाबाट अवकाश भएको वा कुनै ब्यहोराले सेवा टुटेको अवस्थामा शेयर लगानी कोषमा रहेको आफ्नो मुनाफा रकम शेयरमा लगानी गर्न नचाही फिर्ता माग गरेमा सो मुनाफा रकम कोष कट्टी खातामा रकमान्तर गरी भुक्तानी दिइने छ ।

तर, निजको मुनाफा रकम शेयरमा लगानी भई नसकेको रहेछ भने पूरै रकम र आंशिक लगानी भई केही रकम बाँकी रहेको रहेछ भने बाँकी रकम मात्र भुक्तानी गरिने छ ।

११. **शेयर लगानी कोषमा जम्मा रहेको रकम शेयरमा लगानी गर्ने प्रकृया :**

(१) शेयर लगानी कोषमा जम्मा रहेको रकमलाई आवश्यकता अनुसार सम्बन्धित सञ्चयकर्ताको मुनाफा वा शेयर सापटीको अंश बराबर कम्पनीको शेयरमा लगानी गरिने छ । यसरी लगानी गर्दा आंशिक वा पूर्णरुपमा लगानी गर्न सकिने छ ।

(२) शेयरमा लगानी गर्दा कम्पनीको प्रवन्धपत्र र नियमावलीमा व्यवस्था भएबमोजिम हुने छ ।

(३) शेयरमा लगानी गर्ने अन्य बिधि र प्रकृया शेयर लगानी कोष व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

१२. **शेयर लगानी कोषको लेखांकन तथा अभिलेख :**

(१) सञ्चयकर्ताको व्यक्तिगत खातामा रहेको मुनाफा रकम शेयर लगानी कोषमा रकमान्तर गर्दा, शेयर लगानी कोषबाट कम्पनीको शेयरमा लगानी गर्दा र सञ्चयकर्तालाई शेयर लगानी कोषबाट फिर्ता भुक्तानी गर्दाको कारोबार प्रत्येक सञ्चयकर्ताको छुट्टा छुट्टै लेखांकन गरिने छ ।

(२) सञ्चयकर्तालाई मुनाफामा प्राप्त हुने ब्याजको रकम र सञ्चयकर्तालाई प्रदान गरिने शेयर सापटी कारोबारको छुट्टा छुट्टै लेखांकन गरिने छ ।

(३) सञ्चयकर्तालाई प्राप्त भएको मुनाफा रकम, सो मुनाफामा प्राप्त भएको ब्याज, शेयर लगानी कोषमा रकमान्तर भएको रकम, शेयर लगानी भैसकेको रकम र बाँकी मौज्दात रकम समेतको बिवरण प्रत्येक सञ्चयकर्ताको व्यक्तिगत खातामा देखिने गरी लेखांकन गरिने छ ।

(४) यस नियम बमोजिमको सम्पूर्ण काम कारबाही कोषको सूचना तथा सञ्चार प्रबिधि बिभागको सहयोग र समन्वयमा सञ्चयकर्ता सेवा तथा सामाजिक सुरक्षा बिभागले गर्ने छ ।

**१३. कम्पनीमा सञ्चालक मनोनयन गर्ने :**

(१) कम्पनीको नियमावलीको नियम २७ (३) मा उल्लेख भएबमोजिम सञ्चयकर्ताहरुलाई कम्पनीको शेयर प्रमाणपत्र बितरण नगर्दाको अवस्थासम्म उपनियम (२) बमोजिमको उपसमितिको सिफारिशमा सञ्चयकर्ताको प्रतिनिधित्व हुने गरी सञ्चालक समितिले तीन जना सञ्चालकको मनोनयन गर्ने छ ।

(२) कम्पनीमा सञ्चालक मनोनयनका लागि सञ्चालक समितिमा सिफारिश गर्न देहाय बमोजिमको एक उपसमिति रहने छ :

| | | | |
|---|---|---|---|
| (क) | प्रशासक | - | संयोजक |
| (ख) | मुख्य अधिकृत (कार्य सञ्चालन) | - | सदस्य |
| (ग) | मुख्य अधिकृत (संस्थागत व्यवस्थापन) | - | सदस्य |
| (घ) | सञ्चालक समितिको सचिव | - | सदस्य सचिव |

(३) उपनियम (२) बमोजिमको उपसमितिले सञ्चालक मनोनयनका लागि सिफारिश गर्दा निजामती सेवा, नेपाली सेना, प्रहरी सेवा (जनपद/सशस्त्र) र संगठित संस्थाहरु मध्येबाट सञ्चयकर्ताको प्रतिनिधित्व हुने गरी कोषको सञ्चालक, पूर्व सञ्चालक र कोषको बिभिन्न समिति उपसमितिका सदस्यहरुको एक सूची (रोष्टर) खडा गरी सो सूची मध्येबाट सिफारिश गर्ने छ । यसरी सिफारिश गर्नु पूर्ब सम्बन्धित व्यक्तिको लिखित सहमति प्राप्त गर्नुपर्ने छ ।

(४) यस नियम बमोजिम मनोनित कम्पनीको सञ्चालकको कार्यकाल चार बर्षको हुने छ । तर कम्पनीको नियमावलीमा उल्लेख भएबमोजिम सञ्चयकर्ताहरुलाई कम्पनीको शेयर प्रमाणपत्र बितरण गरेपछि कम्पनीको नियमावली अनुरुप अर्को सञ्चालक समिति गठन नहुँदासम्म मात्र कायम रहने छ ।

**१४. कर सम्बन्धी व्यवस्था :** सञ्चयकर्ताको संचित रकम भुक्तानी गर्दाको अवस्थामा कर कट्टी गर्ने प्रयोजनका लागि शेयरमा लगानी गरिएको वा गर्न छुट्टयाइएको रकम मध्ये मुनाफा र सोको ब्याज रकम मात्र समावेश गरिने छ ।

**१५. शेयर सापटी सम्बन्धी व्यवस्था :**

(१) कम्पनीमा सञ्चयकर्ताको तर्फबाट लगानी गरिने आवश्यक रकम सञ्चयकर्ताको मुनाफा र सो मुनाफामा प्राप्त हुने ब्याज रकमले नपुग भएमा नपुग रकमको निमित्त सम्बन्धित सञ्चयकर्ताको नाममा शेयर सापटी लेखांकन गरी शेयर लगानी कोषमा रकमान्तर गर्न सकिने छ ।

(२) उपनियम (१) बमोजिमको शेयर सापटीमा सञ्चयकर्तालाई कोष रकममा प्रदान गरे सरहको ब्याज लाग्ने छ ।

(३) सञ्चयकर्ताको तर्फबाट कम्पनीमा हुने शेयर लगानी चुक्ता भएपछि कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने मुनाफा रकमबाट उपनियम (१) र उपनियम (२) बमोजिमको सापटी रकम असूल उपर गरी हिसाब मिलान गरिने छ ।

तर, सो सापटी चुक्ता हुनु अगाबै सञ्चयकर्ता सेवामा नरहेमा निजको सञ्चित रकम भुक्तानी गर्दा असूल उपर गरी हिसाब मिलान गरिने छ ।

(४) उपनियम (१) र उपनियम (२) बमोजिमको सापटी चुक्ता नभएसम्म निजको नाममा जारी भएका सम्पूर्ण शेयर प्रमाणपत्रहरु कोषले रोक्का राख्ने छ ।

**१६. बिबिध :**

(१) कुनै सञ्चयकर्ताको मृत्यु भएमा शेयर लगानी गर्ने प्रयोजनका लागि छुट्टयाइएको रकमबाट प्राप्त हुने शेयर ऐनको दफा १५क बमोजिमको हकवालालाई प्रदान गरिने छ ।

(२) यस बिनियम बमोजिम भए गरेका काम कार्यबाही एवं कम्पनीको कार्य प्रगति सम्बन्धी प्रतिबेदन अर्धबार्षिकरुपमा सञ्चालक समितिमा पेश गरिने छ ।

(३) सञ्चयकर्ताको नाममा जारी भएको कम्पनीको शेयर धितोपत्र सम्बन्धी प्रचलित कानूनको अधीनमा रही सम्बन्धित सञ्चयकर्ताले बिक्री गर्न सक्ने छ ।

**१७. ब्याख्या र बाधा अड्काउ फुकाउने :**

यस बिनियमको ब्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार सञ्चालक समितिलाई हुने छ ।

**१८. संशोधन वा खारेज :**

यस बिनियमलाई सञ्चालक समितिले संशोधन वा खारेज गर्नसक्ने छ ।